# युरोपमा बुद्धको पलेंटी

जुरिख-विमानस्थल उत्रन एकघण्टा मात्र बाँकी हुँदो हो। अष्ट्रेलियाबाट स्वीजरल्याण्ड बसाइँ सर्दै गरेको स्टीभले मतिर प्रश्न फ्याँक्यो- 'आर यु बुद्धिष्ट ?' दशौं घण्टादेखिसँगै तर परिचयसम्म नगरिएको स्टीभले किन पहिलो वाक्यमै यति गहौं प्रश्न गऱ्यो ? सोच्दै उत्तर दिएँ- 'म बुद्धिष्ट पनि र अरु पनि, धर्मलाई सप्रदाय झैं मान्ने र सीमा छुट्याउने अमानवीय छुवाछुत् मलाई मन पर्दैन, तिमी आफैं सोच म कुन् धर्मी ?' मेरो यो उत्तर उसलाई कस्तो लाग्यो थाहा छैन। भन्यो- 'तिम्रो तनाव रहीत अनुहार देखेर मैले यो प्रश्न गरेको हुँ।' सोधु झैं लागेथ्यो- 'के सबै बुद्धिष्टहरु तनाव मुक्त हुन्छन् ?' तर सोधिन। बरु धन्यवाद दिएँ र हातमा रहेको टैगोरको *'सङ्गीत चिन्तन'*मा घोत्लिएँ।

विमान थोरै कोल्टे, तलको शहर झलमल। यही रहेछ जुरिख। सवेर हुनु पहिले कुहिरो नभएर झलमल थिएछ। स्टीभसित औपचारिकता पनि निभाइन। शायद उसलाई पनि मेरो दशौं घण्टाको मौनताले प्रभावित पाऱ्यो होला। चुपचाप हिँड्यो। तरेली परेको रङ्गीन बादलमाथिबाट कोपनहेगनतर्फ उड्दै गर्दा स्टीभको अनुहार सम्झन खोजें तर सकिन। बरु उसको त्यो प्रश्न भने अझै गुञ्जिरहे झैं लागथ्यो- 'आर यु बुद्धिष्ट ?'

कोपनहेगन विमानस्थलको प्रहरी-व्यबहारले स्टीभको यो 'बुद्धिष्ट ?' अनुहार अक्क न बक्क भयो। एकखालको अपहेलना भोगेपछि आफ्नो अनुहारमा आउने तिक्तता नजिकैको सीसा छेउ उभिएर निहारें। अधिकांश एसियन अनुहारले भोग्नु पर्ने भोगाइबाट गुज्रेको यो मेरो अवस्था स्टीभले देख्दो हो त उसको धारणा पक्कै बदलिँदो हो। धन्न त्यहाँ स्टीभ थिएन।

साँझ कोपनहेगनको साधन सम्पन्न कोठा। सङ्गीतकार फ्रान्स, गोगी, ऊदे, ग्रेगस्,को डे, र अली रहेमानहरू बीच छु। सङ्गीत सुन्ने सुनाउने क्रम चल्दो छ। कहिले सिडीमार्फत् त कहिले प्रत्यक्ष। हार्मोनियमको रीडमा औंला चलाउदै गाउँछु-
*पला पला जिन्दगीको पात खस्दै गयो*
*गोधुलिको संघारमा रात खस्दै गयो*

'ओ, दिस इज हार्ट टचिङ् म्युजिक।' फ्रान्स मेरो मुहारतिर हेर्छ र गीतमा प्रयोग भएको ताल र कर्डका बारेमा जिज्ञासा राख्छ। भन्छु- '१४ मात्रा, EbSus2।' हरेक युरोपियन झैं ऊ पनि धुन र तालको गहिराई खोतल्ने स्वभावको रहेछ। चलेका र नचलेका सङ्गीत, कालजयी र अल्पजीवी सङ्गीत, चर्चा फगत् सङ्गीतमै केन्द्रीत। सिद्धान्तसितै प्रयोग पनि। छिन्मा नेइ र डाफ बजाउदै गरेको अली रहेमान सूफीको चरम आनन्दमा पुग्छ। छिन्मा कपास फिट्ने हतियारजस्तो ओबुकानो थर्काइरहेको को डे बूढो सबै उमेर बिर्सेझैं सङ्गीतमै डुब्छ। फ्रान्स कहिले पियानो तिर औंला कुदाइरहेको हुन्छ त कहिले जिम्बेमा १४ मात्रा बजाइरहेको हुन्छ। भाषा बेगर नै छिन्भरमा एउटा छुट्टै संसारको निर्माण। मेहफिल विश्रामका बखत चिनियाँ मित्र ऊदे अनुरोध गर्छ- 'तिम्ले रचेका वाद्यसंगीत (Instrumental) सुन्न मिल्दैन ?' सिडीका कलेक्सन बज्नथाल्छन्। डकुमेण्ट्री फिल्मका निम्ति बनेका छोटा रचनाहरुको सँग्रह। सिडी सुनिसकेपछि ऊदेको मुखबाट निस्केको एउटा प्रश्नले मलाई फेरि उदेक बनाउछ- 'आर् यु बुद्धिष्ट ?' मैले यात्रामा भेटेको स्टीभको बारेमा त परैको कुरा, यात्राको रुटसम्म थाहा छैन ऊदेलाई तर उस्तैगरि उही भाषामा उही प्रश्न ? म उदेक हुन्छु र सोध्छु-'तिम्रो मनमा यही प्रश्न किन आयो, ऊदे ? भन्छ- 'तिम्रो सङ्गीत सुन्दा मलाई यस्तै आभास भयो।' म आफैँसँग गुनगुनाउन थाल्छु-
*स्टीभ भन्थ्यो अनुहारले गर्दा*
*तिमीले भन्यौ सङ्गीतले गर्दा*
मेरो नेपाली गुनगुन नबुझेको ऊदे छक्क मुद्रामा। अरु सबै आ-आफ्ना गफ पाट्नरसित। अबेर रातसम्म जम्यो मेहफिल।

Images of the World अन्तरगत हामी the other world महोत्सवमा आमन्त्रित थियौं। आ-आफ्नो क्षमता दर्शाउदै विभिन्न देशका सङ्गीतहस्तीसित संयुक्त कलाप्रदर्शन गर्नु थियो। कहिले अर्हुस् त कहिले कोपनहेगनको रङ्गमञ्चमा। रङ्गमञ्चका प्रस्तुति सामान्य थिए। हाम्रो भेटघाटको प्रकिया र विविधता भने आकर्षक थियो। भेट र भेलाको सोच इण्टरनेट मार्फत् भएथ्यो। हामीले आफ्ना साङ्गीतिक रचनाहरू प्रत्यक्ष भेट्नु अगावै आदान प्रदान गरिसकेका थियौं। तर भेट हुनु पहिले एक-अर्काका तस्वीर भने आदान प्रदान गरेनथ्यौं। हाम्रो सोच थियो यसले हाम्रो महोत्सवमा अर्को एउटा रोमाञ्चकता प्रदान गर्नेछ। यो रोमाञ्चक महोत्सव करीब तीनहप्ता चल्यो।

दक्षिण अफ्रिकी मित्र गोगी, ईरानी मित्र अली लगायत धेरैले महोत्सवभरि शीवबुटीको आनन्द लिएको लोभ ममा पनि जागेछ कि कसो। हरियो पार्कको बीचमा बसेर लहैलहैमा गतिला गतिला दुईचार सर्का सर्काइदिएँ। लाखा, जे त होला। स्वदेशीले देख्ने होइनन्। पार्कको चौरमै उत्तानो परें। माथि आकाशमा विमानले छोडेको धुवाँको सीधा धर्सो थियो। हेर्दादेर्दै एकछेउबाट धुवाँ त डोरी बन्दै पो तल झऱ्यो। म भएसम्मै आइपुग्यो। बिस्तार बिस्तार डोरी कम्मरमा बेरियो। डोरीले मलाई उठायो र अलिक माथि पुऱ्यायो। ला डोरी फुस्क्यो। म जमिनमा थेचारिएँ। लौ मलाई त लागेछ।

उत्तानो परेको म जुर्मुराउदै उठँ र पलँटी कसेर नर्मल हुन खोजेँ । गोगीले चाल पाएछ । छेउमै आउछ र सोध्छ– 'हे आभासा, ह्वाइ यु आर सिटिङ् लाइक् द्याट ? – 'आर् यु बुद्धिष्ट ?'
म शीव हाँसोमै बोल्छु– हो म बुद्धिष्ट पनि र गजडिष्ट पनि । हा हा हा । म शीव-सुरमै गुनगुनाउन थाल्छु–
*स्टीभ भन्थ्यो अनुहारले गर्दा*
*ऊदे भन्थ्यो सङ्गीतले गर्दा*
*तिमीले भन्यौ नशाले गर्दा ?*

किन म एउटैभित्र एकजनाले मुहारमा बुद्ध देख्यो, अर्कोले रचनामा र फेरि अर्कोले चैँ नशामा ?

यो अवस्थामा मैले इन्द्रबहादुर राईको लीलालेखनको व्याख्या सम्भेँ । अरुले आवरणमै देख्ने मात्र भए पनि बुद्धत्वको अंश त मसँग पनि छ कि कसो ? मख्ख परेँ । मलाई मनपर्ने व्यक्तित्व बुद्ध नै हुन् । उनको ध्यानमुद्राको तस्वीर कोठाको भित्तामा राख्दै पनि आएको छु । जे होस् ती जसजसले ममा बुद्धत्व देखे, त्यो भ्रमबाटै सही एकछिन् भए पनि आनन्दीत भएँ । सिद्धार्थ गौतम नेपालको कपिलबस्तुका बासिन्दा । म नेपालकै कागेश्वरी–आलापोटको । मनमा यस्तै भाव आयो । बुद्ध नेपाली भएकोमा एकखाले गर्व पनि जाग्यो ।

केहीदिनपछि गर्वले भरिएकै छाती बोकेर ह्याम्बर्ग (जर्मनी) छिर्ने रेल चढेँ । ह्याम्बर्ग पुग्नु केही अघि सिङ्गै रेललाई पानीजहाजले डेढघण्टाभन्दा लामो समुद्र पार  गरायो । पहिलोखेप विदेश पुगेको म काँठेकानिम्ति यो जत्तिको ठूलो आश्चर्य अर्को के चाहियो ? ह्याम्बर्गबाट उड्दै म्युनिख । विमानस्थलमा प्रतिक्षारत रेनाटे । हातमा नेपाली खदा । खदाले गर्दा फेरि बुद्धस्मृति चैँ लगातार ।

उनको कारमा चढ्न खोज्छु । कारमै टाँसिएको पोष्टरमाथि आँखा पर्छ । आफ्नै तस्वीर । कुनैबेला नेपाल भ्रमणमा रेनाटेले खिचेको । डोएच् बुझ्दिन र सोध्छु– 'रेनाटे त्यो पोष्टरजस्तोमा के लेखिएको छ ?' बूढी भन्छिन्– 'आलिङमा आभासको कन्सर्ट ।' झस्कन्छु । 'म एक्लै छु । कसरी कार्यक्रम हुन्छ ?' एक्कै सासमा भन्छिन्– 'जसरी काठमाण्डौको डेरामा हुनेगर्थ्यो, त्यसैगरि । आउदो शुक्रवारको टीकेट त बिक्री पनि भइसक्यो । आभास र हार्मोनियम भए हामीलाई पुग्छ । त्यसैले मैले हार्मोनियम ल्याउन जोड गरेकी ।'

म्युनिख शहर छेउको एउटा गाउँ– आलिङ । रेनाटेको आतिथ्य । आलिङमा क्रिस्टाले संचालन गरेको पानीघर (वासा होइजल) । करीब ६०/७० जना अट्ने खुला कोठा । आभासको कन्सर्ट हल ! पुगेको केहीछिन्मै आलापोटभन्दा पनि निकट हुन्छ आलिङ । नाम पनि आलिङ्न जस्तो । आज मंगलबार । शुक्रबार कार्यकम । रेनाटेको एसियन मार्केट धाउने क्रम सुरु । श्रोताहरूलाई एसियन, अभ्र नेपालको झझल्को दिने सजावट र खानापिनको तयारी । गीतका शीर्षक मिल्दाखाले नेपाली स्लाइडको छनोट । क्रिष्टिना, मार्टिन, मिलाने, नताली सबै खटेका । अचम्म, युरोपमा छु भ्रैँ नै छैन ।

शुक्रबार । कार्यक्रम थाल्छु । मैले बोलेका कुरा र गीतको भावसहित डोइचमा उल्था गर्छिन् रेनाटे । ६०/७० श्रोतामध्ये मुस्किलले १/२ जना मात्र नेपाली अनुहार । झन्झन् मुड बन्दै जान्छ । गीत सुनाउदाको चरम आनन्द । गाउदागाउदै सोच्छु – 'गीत सङ्गीत सुन्नु पनि त एउटा कला रहेछ । आहा ! यस्ता श्रोता सामु गाउनु पो गाउनु । यिनीहरूले गरेको अरु प्रगतिसित यो एकाग्रताको पनि पक्कै गहिरो नाता हुनुपर्छ ।' १० गीतपछि अन्तराल २०/२२ गीतपछि कार्यक्रम टुंग्याउछु । अघि गीत गाइरहँदा छन् कि छैनन् झैँ मौन रहेका श्रोताहरूमा एक्कासी खलबल चर्किन्छ । रेनाटे मुस्कुराउदै मतिर हेर्छिन् । ए कुरा नराम्रो होइन रहेछ । ढुक्क हुन्छु । श्रोताहरूको आग्रह रहेछ–'हाम्रा धेरै परिचत र आफन्तहरूले पनि तिम्रा गीत सुन्ने मौका पाउनु पर्छ । त्यसैले अर्को हप्ता पनि कार्यक्रम होस् ।' मुस्कुराउँदै उत्तर दिएँ– 'यो तपाईहरूको माया हो ।'

बर्लिनमा छन् गेहार्ट । उनलाई त भेट्नै पर्छ । गेहार्ट *बर्लिन-सिम्फोनी-अर्केष्टामा* ५० वर्ष भ्वाइलिन बजाएर भरखर अवकाश लिएका अनुभवी कलाकार । रेनाटेका जेठादाइ । उनीसित भेटेर थोरै विमर्श गर्न पाउनु पनि ठूलो शिक्षा लिनु जत्तिकै हुन्छ । पुऱ्याइन् रेनाटेले बर्लिन । हार्मोनियम भने कारको डिकीमा । बर्लिनको बैठककोठामा फेरि एसिया र युरोपको साङ्गीतिक चर्चा । मेरो 'हिमाली कविता' शीर्षकको वाद्यरचना बजाउन थाल्छन् गेहार्ट । र भन्छन्– 'आभास, नोटेसन पढ्नु एउटा कुरा हो । सङ्गीतलाई महशुस गर्नु अर्को कुरा । तिम्रो रचना बजाउनु पहिले मैले यसको अभिव्यक्तिको मूल मर्म बुझ्न सक्नु पर्छ । मर्म बुझ्ने दुईटा तरिका छन् । पहिलो सिर्जनाकारसँगै सङ्गत गरेर । दोस्रो लामो अभ्यासको बाटोबाट रचनाको गहिराई भेटेर । म भाग्यमानी हुँ, यो धुनको रचनाकार मेरै अगाडि छ ।' मैले हतारिँदै भनेँ– 'म त्यस्तो ठूलो रचनाकार होइन ।' चारदिनको बर्लिन बसाइका सबै साँझ सङ्गीतमय । म्युनिख फिर्ने अघिल्लो साँझ गेहार्टले हार्दिकतापूर्वक मेरो कुममा हात राख्दै हस्यौली गरे– 'आभास, मैले चाहेँ भने तिम्रो शैलीको सङ्गीत सिक्न सम्भब छ । तर तिमी बुद्धको पोस्चर (पलँटी) मा घण्टौ बस्न सक्दोरहेछौ, त्यो चैँ मबाट सम्भव छैन ।' म हास्न खोज्छु । उनी गम्भीर भएरै प्रश्न गर्छन्– 'होइन यत्रो लामो समय तिमी त्यो अप्ठ्यारो तरिकाको बसाइ कसरी बस्छौ ? आर् यु बुद्धिष्ट ?' मैले भने–'गेहार्ट तपाईंसित चैँ म ढुक्कै भन्न सक्छु– म एउटा सामान्य कलाकार । सङ्गीत नै मेरो मूल धर्म ।' प्रभावशाली बूढा गेहार्ट टाउको हल्लाउदै हाँसे– 'युरोप आउँदा हामीलाई फेरि भेटेस् ।'

होइन ! मजस्तो मनभरि आगैआगो भएको मान्छेलाई स्टीभले भन्यो- अनुहारको सौम्यतामा बुद्धत्व देखें । ऊदेले भन्यो- सङ्गीतको माधुर्यमा बुद्धत्व भेटें । गोगीले भन्यो- नशाको अवस्थामा समेत बुद्धत्व र गेहार्टले भने- आशनमा बुद्धत्व ? तीब्र रफ्तारको कारमा म्युनिख फिर्दैगर्दा मनमा कुरा खेल्दै थियो । आउने शुक्रबारको कन्सर्टमा फेरि कसैले अर्को केही देखाउदै सोध्ने त होइन- 'आर् यु बुद्धिष्ट ?'